# पौवादुङ्मा गाउँपालिका का दीर्घकालिन (आवधिक) गुरुयोजना तयारी कार्यका लागि तयार गरिएको क्षेत्रगत कार्यसूची

# Terms of Reference (TOR)

समक्ष:
पौवादुङ्मा गाउँपालिका
च्याङ्ग्रे, भोजपुर

प्रस्तावक:
गाउँपालिकाको कार्यालय,
च्याङ्ग्रे, भोजपुर

www.pauwadungmamun.gov.np
पौवादुङ्मा गाउँपालिका

# गाउँपालिकाको दीर्घकालिन आवधिक (गुरु) योजना निर्माण कार्यको कार्यक्षेत्रगत शर्त

**(TOR )**

भाग १

पृष्ठभुमि खन्ड

१ परिचयः

भोजपुर जिल्ला प्रदेश नंबर १ मा पर्ने नेपालको एक पहाडी जिल्ला हो । यस जिल्लामा नौ वटा स्थानीय तहहरु छन् । ति नौ वटा तहहरु साल्पा सिलिछो गाउँ पालिका, षडानन्द नगरपालिका, अरुण गाउँ पालिका, पाँचा दुङ्मा गाउँ पालिका, भोजपुर नगरपालिका, ट्याम्के मैयुङ्ग गाउँ पालिका, राम प्रसाद राई गाउँ पालिका, हतुवागढी गाउँपालिका र आमचोक गाउँपालिका हुन् ।
यस जिल्लाको नौ वटै स्थानीय तहरु पहाडी भूभागमा पर्दछ । यस जिल्लाको उतरीक्षेत्रको माटो चिम्टाइलो र खुकुलो र विभिन्न आकारका ढुंगा, वालुवा, ग्राभेल मिश्रित छ भने दक्षिण क्षेत्रको कसिलो ग्राभेल मिश्रित छ ।

यहां गृष्मामा न्यानो हल्का नरम र हिउंदमा धेरै जाडो हुने हुंदा वर्षा तथा तापक्रमको हिसावले यो जिल्लाको भ्रमण बाह्रै महिना सम्भव रहन्छ । सयौं ससाना खोल्सा खोल्सीदेखि अरुण नदी यस जिल्लावाट बहने गरेका छन् ।

२. आवधिक योजना तयार गर्ने निकायको नाम, ठेगानाः

नामः पाँचादुङमा गाउँ कार्यपालिकाको कार्यालय , भोजपुर

ठेगानाः च्याङ्थे, भोजपुर, नेपाल

फोनः

फ्याक्सः

प्रतिवेदन तयारी गर्ने परामर्श सेवा संस्थाको नाम र ठेगाना

नामः

ठेगानाः

३. आवधिक योजना संवन्धि पृष्ठभुमि *Undarstanding the project*

क. स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४.१ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनितिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्नेछ भन्ने अनिवार्य प्रावधान रहेकोछ ।

दिलिपराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

ख. पौवादुङ्मा गाउँपालिकाको मिति २०७४।१०।१५ र १६ गते संपन्न भएको पहिलो गाउँसभाबाट पारित गाउपालिकास्तरीय गुरुयोजना : आवधिक योजना तयार गर्ने कार्यक्रम पारित गरेर रकम समेत रु पैंतिस लाख विनियोजन गरेकोछ ।

ग. गाउँपालिकाले आवधिक योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था रहेकोछ।

घ. गाउँपालिकाले योजना बनाउदा देहायका विषयलाई प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकोछ

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बसिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धी हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने।

ङ. गाउँपालिकाले योजना बनाउँदा अध्ययन तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नु पर्ने व्यावस्था गरेकोछ ।

च. गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्दिजिवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरीक लगाएतका सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नु पर्ने प्रावधान रहेकोछ

छ. गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने प्रावधान रहेकोछ .

ज. नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यन्वयन गर्ने प्रकृया निर्धारण गरेकोमा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने प्रावधान रहेकोछ ।

प्रमुख प्रशासकीय अधिकृत

झ. गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन भन्ने प्रावधान रहेकोछ ।

ञ. गाउँपालिकाले सङ्घीय र प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय र सहजीकरण र सहयोग गर्नु पर्ने व्यवस्था रहेकोछ ।

ट. गाउँपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्ने प्रावधान रहेकोछ । अतः उपरोक्त विषयलाइ आधारस्तम्भ मानेर यस गाउँपालिकाको दिर्घकालिन / आवधिक योजना / रणनीतिक योजना तयारी गर्नु मुख्य उद्देश्य रहेकोछ ।

४. आवधिक योजना, नीति तथा कार्यक्रम तयारीका आधारहरुः

गाउँपालिका आवधिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार मान्नु पर्नेछ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन , २०७४
- संघिय र प्रदेश सरकारले जारी गरेका नीति , कानून तथा मापदन्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण संबन्धि निर्देशिका, २०७४
- संघिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- स्रोत साधन
- विकासका अन्तरसंबन्धित विषयहरु
- नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिवद्दताबाट सृजित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।
- बालमैत्रि स्थानिय शासन रणनीति २०६८
- वातावरण मैत्रि स्थानिय शासन नीति
- लैगिंक तथा सामाजिक सम्माबेशिकरण बजेट स्थानियकरण रणनीति
- पर्यटन रणनीति
- राष्ट्रिय योजना आयोगका त्रिवर्षिय योजनाका दस्तावेज

*५. प्रस्तावित गाउँ पालिकाको सामन्य भौगोलिक तथा सामाजिक जानकारीः*

> *(लैसास वर्गिकरणको आधारमा सामाजिक वर्गिकरण गरिएको) ।*

प्रमुख प्रशासकीय अधिकृत

| वडा नंवर | गाउँ | परिवार संख्या | दलित समुदाय | जनजाति /आदीवासी | अन्य | धर्म | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | हिन्दु | बौद्ध | किरात | ईशाइ |
| १ | श्यामसिला | ५७४ | १३६ | १७८९ | १०९५ | २१३२ | ७३९ | ३८ | ० |
| २ | तिवारिभिञ्ज्याङ | ५५३ | २८६ | १४५३ | १२६१ | २०३९ | २७० | ७८० | २४ |
| ३ | च्यांग्रे | ६३० | ४६५ | १२१० | १६४६ | २७६७ | २१३ | ४८२ | ६ |
| ४ | वासिंम | ५४३ | ३९४ | १४६० | ७३० | १५१२ | ३० | १००८ | ० |
| ५ | सानोदुङ्मा | ४९९ | २२१ | १६३५ | ७१७ | ९९५ | ५५५ | १०८२ | ३० |
| ६ | ठुलोदुङ्गमा | ४८१ | ५३ | २३२६ | ६७ | ९४ | १७६ | २१६७ | ९ |
| | जम्मा | ३२८० | १५५५ | ९९७३ | ५५१६ | ९५३९ | १९८३ | ५५५७ | ६९ |

स्रोतःजिल्ला समन्वय समिति २०७४

भाग २

उद्देश्य खन्ड

६. गाउँपालिकाको दिर्घकालिन गुरुयोजना तयार गर्ने मुख्य उद्देश्य तपशिल अनुसार रहेकोछ ।

क. दिर्घकालिन सोच/परिकल्पना/ दुरदृष्टिकोण तयार गर्ने ।

ख. ध्येय/उपादायता/लक्ष्य स्पष्ट परिभाषित गर्ने ।

ग. उद्देश्य निर्धारण गर्ने ।

घ. रणनितिहरु निर्माण गर्ने ।

ङ. स्थानिय भुगोल तथा समाजिक आर्थिक विकासका लागी उपयुक्त कार्यक्रम पहिचान तथा प्राशमिकताका क्षेत्र वनाउने ।

च. वार्षिक तथा आवधिक परिमाणात्मक लक्ष्य निर्धारण गर्ने

छ. प्रमुख नीतिहरु वनाउने ।

ज. कार्यक्रमलाई कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने ।

झ. आर्थिक वृद्दि दर, स्रोत र साधनको व्यवस्थापकिय योजना तयार गर्ने ।

७. बजेट शिलिङ्ग तथा कार्यक्रम निर्धारणका स्रोत सिमाः

गाउँपालिकाका आम्दानीका स्रोत तथा सिमाहरु निम्न छन्

क. आन्तरिक राजस्वः एकीकृतसम्पती कर, घरजग्गाबहाल कर, व्यवसाय कर , बहालववटौरीशुल्क, पार्किङशुल्क, जविबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क र अन्य

ख. राजस्व बाँडफाँडः मूल्य अभिवृद्दि कर तथा अन्त शुल्क, प्राकृतिक स्रोतको रोयल्टी, पर्वतारोहण, विध्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत

ग. वित्तिय हस्तान्तरणः नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान ।

घ. वित्तिय व्यवस्था प्राप्ति,

ङ. अन्तर स्थानिय तह साझेदारी

च. सार्वजनिक निजि साझेदारी कार्यक्रम

छ. अन्य

८. गाउँपालिकाको कार्यक्रम छनौट तथा प्राथमिकताका आधारः

गाउँपालिकाको कार्यक्रमको छनौट गर्दा तथा वजेटको सिमा तपशिलका अधिनमा रहेर तोकिनु पर्नेछ ।

( क) गाउँपालिका स्तरका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम

( ख) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम ,

( ग) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम ,

( घ) दिगो विकासका लक्ष्य लगाएत राष्ट्रिय / अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम

( ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँ पालिकाका आफैले गर्नु पर्ने अन्य अत्यावश्यक कार्यहरु,

( च) माथि उल्लेखित क्षेत्रलाइ आवश्यक रकम विनियोजन गरिसके पछि मात्र बाकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लगाएत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता विषयलाइ आधारमानी वडागत खर्चको आवश्यकता र औचित्यको आधारमा वडागत वजेट सिमा निर्धारण गर्नु पर्नेछ ।

( छ) वजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सिमा समेत निर्धारण गर्नुपर्नेछ प्रावधान रहेकोछ ।

( ज) गाउँपालिकाको कुल वजेट सीमा बाट तलव भत्ता तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने वजेट छुट्याइ अन्य कार्यक्रमको लागि वजेट सिमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि वजेट सिमा निर्धारण गर्दा राजस्व बाँडफाडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा वढी नहुने गरी गर्नुपर्नेछ ।

९. लक्षित वर्ग र समयः

आवधिक योजनाले देहायमा उल्लेख गरिएको समुदाय तथा समयावधि समेटीनु पर्नेछ ।

क. यस आवधिक योजनाको कार्यान्वयन समय अवधि ५ वर्षको हुनेछ ।

ख. यो आवधिक योजना निर्माण चालु आ.व. २०७४।७५ भित्र संपन्न गरि सक्नु पर्नेछ ।

यज्ञपुरुषा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... मोरङ

शान्तिप्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

ग. यस कार्यक्रमले पाँचादुङ्गमा गाउँपालिकाका सबै घरधुरी, समुदाय, कर्मचारी, शिक्षक, राजनैतिक दल, गैसस, उद्योग तथा व्यापर व्यावसायी, कृषक वर्गले प्रत्यक्ष लाभान्वित हुने गरी लक्ष्यित गरेर रोजगारीमूलक बन्नु पर्नेछ ।

घ. यस कार्यक्रमको भुक्तानि तिन किस्तामा हुनेछ, पहिलो किस्ता कार्यक्रम तयारी तथा व्यवस्थापनको लागी, दोस्रो किस्ता स्थलगत कार्यक्रम संचालनको अवस्था र अन्तिममा अन्तिम प्रतिवेदन पेश भएपछि भुक्तानी हुनेछ. भुक्तानीको रकम समान अनुपात हुनेछैन ।

ङ. यस आवधिक योजनाले नेपालको संविधानको अनुसूचि ८ मा उल्लेखित एकल अधिकार संग संबन्धित कार्यक्रमलाई समेटीनु पर्नेछ ;

भाग ३

कार्यविधि

<u>१०. सिद्दान्त, प्रतिवेदनका भावना, सहभागीताका गर्ग, रागितिका राय तथा गोष्ठी एकिकरणः</u>

क. आवधिक योजनाको प्रतिवेदनमा सैद्दान्तिक विचारधारालाई स्थानियस्तरमा कार्यान्वयन गर्ने गरी संक्षिप्त वर्णन गर्नु पर्नेछ ।

ख. आवधिक योजनामा समावेश गरिएको कार्यक्रम तथा नीतिहरु दिगो विकासका लक्ष्य, सहस्राब्दि विकासका लक्ष्य, वेईजिङ्ग घोषणा पत्रहरुको भावनालाई समेट्नु पर्नेछ ।

ग. आवधिक योजना तयारी गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, नियम, तथा निर्देशिकालाई आत्मशात गरिएको हुनुपर्नेछ ।

घ. सबैतह र स्थानमा भएका सहभागिको भावना र अपेक्षालाई प्रतिवेदनमा समेटिएको हुनु पर्नेछ ।

<u>११. संपादन गर्नु पर्ने कामः</u>

क. गाउँपालिकाको आय तथा व्याय को समष्टीगत अध्ययन गरी स्रोत पहिचान, राजस्व परिचालन, राजस्व नीति निर्माणमा सुझाव तथा गाउपालिकाको आवधिक वजेट तथा रकमको प्रक्षेपण गर्नु गराउनु पर्नेछ ।

ख. संघिय सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने वजेटको आकलन गरी सो वजेटको आधारमा स्थानिय योजना तथा कार्यक्रम निर्धारण गर्नुपर्नेछ ।

ग.गाउँपालिकाको वडाहरुको भौगोलिक अध्ययन गरेर वस्तिस्तर/क्लष्टरको आधारमा विषयक्षेत्रगत आवधिक योजना तथा कार्यक्रम तयार गर्नु पर्नेछ ।

घ.गाउँपालिका, संगठित क्षेत्र र निजीक्षेत्रको संयुक्त साझेदारीमा संचालन गरिने क्षेत्र पहिचान गरी आवधिक कार्यक्रम तथा वजेट निर्धारण गर्नु पर्नेछ ।

ङ. गाउँपालिका, प्रदेश सरकार र संघिय सरकार विचको संयुक्त साझेदारीमा संचालन गरिने क्षेत्रको पहिचान गरी आवधिक कार्यक्रम तथा वजेट निर्धारण गर्नुपर्नेछ ।

च. गाउँ कार्यपालिकाले गाउँपालिका भित्र विभिन्न विषयगत क्षेत्रमा संचालन हुने विकासका कृयाकलापहरुको लागि कार्यपालिकाका सदस्यहरुलाई प्रदान गरेको विषय/क्षेत्रगत जिम्मेवारी अनुसार कार्यक्रम तथा नीतिगत निर्णय गर्न गराउनु पर्नेछ ।

समितिहरु

(क) आर्थिक विकास समिति

(ख) सामाजिक विकास समिति

(ग) पूर्वाधार विकास समिति

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

(ङ) सुशासन तथा संस्थागत विकास समिति

(च) विधेयक समिति

१२. संपादन गर्नुपर्ने प्रकृयाहरु:

आवधिक योजना तयारी गर्न देहायका स्थानहरुमा सामुहिक छलफल, बैठक, तथा गोष्ठी सचालन गर्नु पर्नेछ ।

क. गाउँसभाका सदस्य तथा पदाधिकारीहरु समक्ष अन्तिम प्रतिवेदन प्रस्तुत गरी छलफल एक दिन गर्नु पर्नेछ, सहभागी संख्या ३४-७० जना सम्म हुन सक्नेछ ।

ख. प्रारम्भिक चरणको प्रतिवेदन तयारी गरी गाउँकार्यापालिका सदस्य तथा पदाधिकारी समक्ष एक दिन छलफल तथा प्रस्तुत गर्नुपर्नेछ, सहभागी संख्या १५-२० जना सम्म हुन सक्नेछ ।

ग. वडा समिति बैठक: सबै १-६ वडामा वडास्तरीय सुचना संकलन, आवधिक कार्यक्रम प्रति छलफल गर्नु पर्नेछ । लगभग ३०० जना सहभागी हुन सक्नेछ ।

घ. स्थानीय राजस्व परामर्श समिति बैठक तथा परामर्श गोष्ठी सहभागी संख्या ७-१५ जना सम्म हुन सक्नेछ ।

ङ. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति बैठक तथा परामर्श गोष्ठी सहभागी संख्या ७-१५ जना सम्म हुन सक्नेछ ।

च. बजेट तथा कार्यक्रम तर्जुमा समिति बैठक तथा गोष्ठि सहभागी संख्या ५-१०जना हुन सक्नेछ ।

छ. आर्थिक विकास समिति बैठक तथा गोष्ठी सहभागी संख्या २० - ३० जना सम्म हुन सक्नेछ ।

ज. सामाजिक विकास समिति बैठक तथा गोष्ठी सहभागी संख्या २० - ३० जना सम्म हुन सक्नेछ।

झ. पूर्वाधार विकास समिति बैठक तथा गोष्ठी सहभागी संख्या २० - ३० जना सम्म हुन सक्नेछ।

ञ. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति बैठक तथा गोष्ठी सहभागी संख्या २० - ३० जना सम्म हुन सक्नेछ ।

ट. सुशासन तथा संस्थागत समिति बैठक तथा गोष्ठी सहभागी संख्या १५ - २२ जना सम्म हुन सक्नेछ ।

ठ. न्युनतम दररेट निर्धारण समितिको बैठक तथा छलफल गर्नु पर्नेछ सहभागी संख्या ७ १० जना सम्म हुनेछ ।

ड. न्यायिक समितिसंग बैठक तथा छलफल गर्नुपर्नेछ सहभागी संख्या ३- ५ जना सम्म हुनेछ ।

ढ. विधेयक समितिमा आवश्यक पर्ने नीति, नियमावलीहरुबारे समीक्षा तथा प्रस्तुत गर्नु गराउनु पर्नेछ ।

ण. गाउँ शिक्षा समिति संग गाउँको शिक्षा संवन्धि कार्यक्रम तथा नीतिहरुबारे छलफल गराउनु पर्नेछ ।

त. गाउँ स्वास्थ समिति संग गाउँको स्वास्थ नीति तथा कार्यक्रमबारे छलफल गरि तयार गराउनु पर्नेछ ।

थ. अनुगमन समितिका सुचक निर्धारण तथा रुपरेखातालिकाबारे अनुगमन समिति सागक्ष छलफल गराउनु पर्नेछ ।

द. अन्य गाउँकार्यपालिकाले आवश्यक ठानेका विषयवस्तुको बारेमा छलफल गर्नु गराउनु पर्नेछ ।

## भाग ४

## जनशक्ति

**१३. जनशक्ति:**

यस कार्यक्रमको लागि आवश्यक दक्ष जनशक्ति निम्नानुसार हुनु पर्नेछ, उनिहरुले संक्षिप्त तालिम, अभिमुखिकरण, गोष्ठी संचालन स्थलगत अध्ययन गरी आवधिक योजनामा प्रतिवेदन तयार गर्नु पर्नेछ । पारीश्रमिक तथा सुविधा प्रस्तावक आफैले प्रस्ताव गर्नुपर्नेछ ।

क. Planner कार्यक्रम संयोजक- एक जना, स्नातकोत्तर तह उतिर्ण गरेको, १० वर्ष विकास प्रशासनमा कार्य गरेको ।

ख. Geogolist भुगर्भविद: एक जना,

ग. Environmentalist वातावरविद- एक जना

घ. सिभिल ईन्जिनियर: एक जना

ङ. अर्थविद: एक जना

च. समाजशास्त्री: एक जना

छ. स्वास्थ्यविद/शिक्षाविद/कृषिविदहरु

**१४. मुल्यांकनका अंकभार तालिका:**

मुल्यांकनको लागी प्राविधिक प्रस्तावको अंक भार ८० प्रतिशत र आर्थिक प्रस्तावको अंकभार २० प्रतिशत हुनेछ ।

१४.१ प्राविधिक प्रस्तावको मुल्यांकन १०० अंकभार हुनेछ ।

क) प्रस्तावदाता संस्थाको कामको अनुभव: ३५ अंक

- संस्थाको ७ वर्षभित्रको सवैप्रकारका कार्यअनुभव: अंकभार १०.५
- संस्थाको वितिय चालु क्षमता संपत्ति टर्नओभर ३ आर्थिक वर्षको: अंकभार ३
- संस्थाको भौतिक संपति: अंकभार २.९
- संवन्धीत विषयमा ७ वर्ष सगसको कार्यअनुभव: अंकभार ५

- संस्थाको विधान तथा प्रकृया सुशासनः अंकभार २
- कार्य समिति तथा बहालवाला कर्मचारीको समावेशिताः अंकभार ३

ख) कार्यसंपादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावकारीताः ३५ अंक

- कार्यक्रम संचालन प्रकृयाको स्पष्ट विश्लेषणः ५ अंक
- कार्यक्रम संचालनको विषयवस्तुको स्पष्ट उद्देश्य व्याख्या र परिभाषाः अंकभार १०
- कार्यक्रम संचालनको समयक्रम योजना / कार्य तालिकाः अंकभार ५
- कार्यक्रम संचालनको बजेट विश्लेषण तथा प्रस्तावः अंकभार ५
- कार्यक्षेत्रगत शर्त प्रतिको प्रतिवद्धता तथा प्रभावकारीताः अंकभार १०

ग) मुख्य मुख्य जनशक्तीको योग्यता (योग्यताक्रम आधार) र अनुभव (वर्ष): अंकभार ३०
प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता ४० प्रतिशत भार, कार्यानुभव ४० प्रतिशत भार र समावेशिता २० प्रतिशत अंकभार हुनेछ ।

- Planner कार्यक्रम संयोजकः अंकभार ७
- Geogolist भुगर्भविदः अंकभार ५
- Environmentalist वातावरविद- अंक भार ५
- सिभिल ईन्जिनियरः अंकभार ५
- अर्थविदः अंकभार ३
- समाजशास्त्रीः अंकभार ३
- अन्यः अंकभार २

घ) प्रविधि हस्तान्तरण, तालिम तथा सहभागीता तथा अन्यः अंकभार १०

- नयां प्रविधि प्रयोग गर्ने भएमाः अंकभार ३
- विषयवस्तुको प्रष्ट पार्ने तालिम समावेश भएमाः अंकभार ३
- समावेशिकरण र सहभागितमुलक प्रस्ताव भएमा- अंकभार ३
- अन्यः अंकभार १

१४.२ प्राविधिक प्रस्तावमा न्युनतम अंक ४० चालिस प्राप्त गर्नु पर्नेछ ।
१४.३ आर्थिक प्रस्तावको अंकभार २० अंक हुनेछ ।

भाग ५

प्रतिवेदन खन्ड

१५. प्रारम्भिक प्रतिवेदन गाउँ कार्यपालिकामा प्रस्तुत गर्नु पर्नेछ ।
१५.१ कार्यपालिकाबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ ।
१५.२ प्रतिवेदन विधुतिय प्रतिसहित दुई प्रति बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१५.३ प्रतिवेदनको पुरक अंशको रुपमा सबै तह र स्थानमा उपस्थित सहभागिको राय तथा भनाईलाई समेटीएको हुनु पर्नेछ ।

१५.४ प्रतिवेदन नेपाल सरकार संघिएमामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको ढाँचामा आधारीत हुनुपर्नेछ ।

१५.५ प्रस्ताव पेश गर्दा र प्रतिवेदन तयारिको भाषा नेपालि र अंग्रेजि दुई भाषामा हुनु पर्नेछ ।

भाग ६

महत्वपुर्ण सवाल

१६. आवधिक योजना तयारीको सन्दर्भमा सहभागीहरुवाट उठान गरेको र विषय विशेषज्ञवाट पहिचान गरिएको चरणवदद्द रुपमा सवालहरुको अवस्र, चुनौति, प्रभाव र संभावनाहरुको विश्लेषण समावेश गरेको हुनुपर्नेछ ।

भाग ७

कार्ययोजना तथा जिम्मेवारि

१७. आवधिक योजनामा समावेश गरिएको कार्यक्रम तथा लक्ष्य प्राप्त गर्न गरिने कार्यान्वयनको लागि समयवद्द तथा जिम्मेवारी सहितको कार्ययोजना तयारी गर्नुपर्नेछ ।

१८. आवधिक आयोजनाचक्रमा गरिने अनुगमन तथा मुल्यांकनको सुचक विश्लेषण गर्ने, सुचकको स्पष्ट पारी तयारी गर्ने, कार्यान्वयनको आधार निर्माण गरिनु पर्नेछ ।

१९. आवश्यक एकिकृत वजेट तथा स्रोतको संकलन कार्ययोजना समेटिनु पर्नेछ ।

२०. आवधिक योजनाको कार्ययोजना तयारी असाढ २५, २०७५ भित्र संपन्न गरिसक्नु पर्नेछ ।

शालिकराम भट्टराई
प्रमुख प्रशासकिय अधिकृत